नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना (निजामती)**
हरिहरभवन, ललितपुर

# आ.व.२०७९/८० को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

मिति २०८०/०५/२७

हरेक निजामती कर्मचारीले आर्थिक वर्ष सुरू भएको मितिले ६० दिन भित्र अघिल्लो आर्थिक वर्षको सम्पत्ति विवरण यस किताबखानामा बुझाउनुपर्ने निजामती सेवा नियमावली, २०५० को नियम ११८ मा व्यवस्था भएको व्यहोरा सबैलाई विदितै छ । सोही कानून बमोजिम प्रावधान अनुरुप आ.व. २०७९/८० को सम्पत्ति विवरण बुझाउने अन्तिम म्याद भोली मिति २०८०/०५/२८ सम्म रहेकोमा उक्त दिन आकस्मिक रूपमा सार्वजनिक विदा पर्न गएको भए तापनि सम्पत्ति विवरण दर्ता गर्ने प्रयोजनका लागि किताबखाना खुला रहने व्यहोरा सम्बन्धित सबै कर्मचारीलाई जानकारी गराइन्छ । आ.व. २०७९/८० को सम्पत्ति विवरण बुझाउन बाँकी रहेका बहालवाला एवम् आ.व. २०७९/८० मा सेवा निवृत्त हुनुभएका निजामती कर्मचारीलाई मिति २०८०/०५/२८ गते पनि सम्पत्ति विवरण बुझाउन आउनुहुन अनुरोध छ । मिति २०८०/०५/२८ पश्चात् प्राप्त हुन आउने सम्पत्ति विवरण दर्ता नगरिने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।